# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ३, संख्याः ६, श्रावण १२ गते, २०७६ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।४।७

**प्रस्तावना** : व्यास नगरपालिका भित्रका स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सेवालाई उपलब्ध श्रोत साधनको अधिकतम सदुपयोग गरी सेवालाई थप व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउन, स्वास्थय सेवाको सञ्चालन र व्यवस्थापनमा जनसहभागिता परिचालन गर्न नेपालको संविधान, नेपाल सरकारको स्वास्थ्य नीति, जनस्वास्थ्य सेवा ऐन का उद्देश्य कार्यान्वयनमा सहयोग पुऱ्याउन व्यास नगर स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (झ), ११ (४) (ख) दफा २२, व्यास नगरपालिकाका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम यो कार्यविधि बनाई व्यास नगरपालिका नगर कार्यपालिकाको मिति २०७६।४।७ को बैठकबाट जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "व्यास नगरपालिका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६" रहने छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** :

(क) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले नगरवासीको स्वास्थ्य अवस्यकता पूर्तिका लागि विभिन्न तहका सरकारबाट सुलभ रुपमा निशुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ग) "स्थानीय स्वास्थ्य संस्था" भन्नाले नगरपालिका अन्तर्गतका स्वास्थ्यचौकी, आधारभूत स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ, शहरी स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय तथा केन्द्र सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित नगरस्तरीय र स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(च) "नगर प्रमुख" भन्नाले नगरपालिकाका नगर प्रमुखलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाका प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ ।

(ज) "शाखा प्रमुख" भन्नाले व्यास नगरपालिकाका स्वास्थ्य शाखा हेर्ने प्रमुखलाई सम्झनुपर्छ ।

(झ) "स्वास्थ्य संस्था प्रमुख" भन्नाले नगरपालिकामा रहेका स्थानीय स्वास्थ्य संस्थाका प्रमुख कर्मचारीलाई सम्झनुपर्छ ।

(ञ) "संरक्षक" भन्नाले नगर प्रमुखलाई सम्झनुपर्छ ।

(ट) "अध्यक्ष" भन्नाले सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा प्रमुखलाई सम्झनुपर्छ ।

(ठ) "सदस्य सचिव" भन्नाले सम्बन्धित स्वास्थ्य संस्था केन्द्र प्रमुखलाई सम्झनुपर्छ ।

## परिच्छेद २
## समिति गठन

३. **नगर स्वास्थ्य समिति** : व्यास नगरपालिका भित्र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (झ), ११ (४) (ख) बमोजिमको कार्य सञ्चालन गर्न नगर स्वास्थ्य समिति निम्नानुसार गठन गरिनेछ :

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक-१ |
| (ख) उपप्रमुख | सदस्य-१ |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | ,, -१ |
| (घ) स्थानीय स्वास्थ्य संस्थाका अध्यक्ष | ,, -१४ |
| (ङ) जनस्वास्थ्य प्रमुख | ,, -१ |
| (च) दमौली अस्पतालका प्रमुख चिकित्सक | ,, -१ |
| (छ) जिल्ला आयुर्वेदका प्रमुख चिकित्सक | ,, -१ |
| (ज) व्यास नगरपालिका स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव-१ |

४. **स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति** :

(क) स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष -अध्यक्ष

(ख) सम्बन्धित वडाको निर्वाचित महिला सदस्य मध्ये वडा समितिले छानेको -१ सदस्य

(ग) सम्बन्धित वडाको वडा सदस्य मध्ये वडा समितिले छानेको -१ सदस्य

(घ) वडा समितिले छानेको सम्बन्धित वडाको विद्यालयका प्रधानाध्यापक मध्येबाट सम्भव भएसम्म महिला -१ सदस्य

(ङ) वडा समितिले छानेको स्थानीय उद्योग वाणिज्य संघ प्रतिनिधि -१ सदस्य
(च) वडा समितिबाट छानेको स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट -२ सदस्य
(छ) सम्बन्धित वडाका वडा सचिव -१ सदस्य
(ज) सम्बन्धित स्वास्थ्य संस्थाका केन्द्र प्रमुख -१ सदस्य सचिव

५. **पदावधि :** समितिको पदावधि गठन भएको मितिले ५ वर्षको हुनेछ ।

६. **पद रिक्त हुने अवस्था** : निर्वाचित पदाधिकारीको हकमा नियमित पदावधि समाप्त भएपछि स्वतः समितिको पदावधि समाप्त हुनेछ, मृत्यु भएमा, राजीनामा दिई स्वीकृत भएमा, फौज्दारी अभियोग लागेमा, लगातार तीन वटा बैठकमा बिना सूचना अनुपस्थित भएमा समेत पद रिक्त हुनेछ ।

७. **बैठक सम्बन्धी कार्यविधि** :
(क) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिको अध्यक्ष अनुपस्थित भए उपाध्यक्षले र दुवै जनाको अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छन् ।
(ख) समितिको बैठक कम्तिमा ३ महिनाको एक पटक बस्नेछ । आवश्यक परेको अवस्थामा कुनैपनि समय बैठक बोलाउन सकिनेछ ।

८. **बैठकको गणपुरक संख्या** : समितिको बैठकमा बहुमत सदस्यको उपस्थिति भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

## परिच्छेद ३
## समितिको काम, कर्तव्य र अधिकार

९. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार तल लेखिए बमोजिम हुनेछ ।
(क) नगर सभाबाट पारित नीति तथा कार्यक्रम र बजेट कार्यक्रम प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्‍याउने ।
(ख) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थिति बारे पुनरावलोकन गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्याहरु समाधानका लागि पहल गर्ने र समाधान हुन नसकेमा समस्याहरुको निराकरणको लागि सम्बन्धित तह र निकायहरुमा पठाउने ।
(ग) स्वास्थ्य संस्थाबाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने । वार्षिक रुपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइको व्यवस्था गर्ने ।
(घ) स्वास्थ्य संस्थालाई प्राप्त कार्यक्रम, योजना, सूचना र परिपत्रहरु भए तीनको समयमै जानकारी गरी गराई कार्यान्वयन गर्ने ।
(ङ) सम्बन्धित स्थानीय तहले बनाएको आवधिक कार्यक्रम कार्यान्वयन, अनुगमन, समीक्षा र आवधिक प्रतिवेदन तयार गरी सम्बन्धित तहमा पेश गर्ने ।
(च) स्वास्थ्यचौकी/आधारभूत स्वास्थ्य केन्द्र/शहरी स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य

इकाइको उन्नति र विकासको सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

(छ) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने ।

(ज) स्वास्थ्य सेवाबाट बञ्चित स्थानीय समुदायहरुलाई स्वास्थ्य सेवाको पहुँच सुनिश्चिततताका लागि आवश्यक कार्यहरु गर्ने ।

(झ) स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने र सेवा प्रवाहको गुणस्तरीयता सुनिश्चितता गर्न तथ्यमा आधारित स्थानीय स्वास्थ्य योजना बनाउन पहल गर्ने ।

(ञ) नगरपालिकाको स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य काम गर्ने गराउने । प्रदेश तथा संघीय सरकारका तर्फबाट अन्य थप विशेष कार्यक्रम भएमा सोका लागि आवश्यक सहजीकरण गर्ने ।

(ट) नगरपालिका र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासँग स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धी विषयहरुमा आवश्यक सञ्चार र समन्वय गर्ने ।

(ठ) स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने ।

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत